(सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

२०८२ बैशाख देखि २०८२ असार महिना सम्ममा सम्पादित प्रमुख क्रियाकलापहरु

मधेशी आयोग

ज्वागल, ललितपुर

सम्पर्क नं. : ०१५२६९१८५, इमेल :madheshicommission@gmail.com

२०८२ साउन

विषय सूची

शिर्षक	पेज नं.
१. आयोगको स्वरुप र प्रकृति	३
२. आयोगको काम, कर्तव्य र अधिकारः	३
३. आयोगमा रहने कर्मचारी र कार्यविवरण	
(क) आयोगका पदाधिकारीहरु	५
(ख) कर्मचारी संख्या	५
(ग) आयोगमा हाल कार्यरत कर्मचारीहरुको विवरण	६
(घ) कार्यविवरण	७
४. आयोगबाट प्रदान गरिने सेवा	९
५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर	११
६. सेवा प्राप्त गर्न लाग्ने अवधि	११
७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी	११
८. प्रमुख, प्रवक्ता र सूचना अधिकारी सम्बन्धी विवरण	११
९. निर्णय उपर उजुरी सुन्ने अधिकारी	११
१०. आयोगबाट सम्पादन गरेका मुख्य मुख्य कामको विवरण	११
११. ऐन, नियम, निर्देशिकाको सूची	१२
१२. मधेशी आयोगका हाल सम्मका प्रतिवदेनहरु	१२
१३. सूचना मागको लागि	१२
१४. आयोगको सम्पर्क विवरण	१२



मधेशी आयोग
ज्वागल

१. आयोगको स्वरुप र प्रकृति

मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान हक हितको संरक्षण र सम्वर्द्धन तथा मधेशी समुदायको सशक्तिकरण गर्नको लागि मधेशी आयोगको सम्बन्धमा आवश्यक व्यवस्था गर्न नेपालको संविधानको धारा २६२ मा व्यवस्था भए बमोजिम मधेशी आयोगको स्थापना गरिएको हो ।आयोगमा अध्यक्ष र अन्य चार जनासम्म सदस्य रहने व्यवस्था छ। सम्माननीय राष्ट्रपतिले संवैधानिक परिषदको सिफारिसमा मधेशी आयोगका अध्यक्ष र सदस्यको नियुक्ति हुने व्यवस्था रहेको छ। मधेशी आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुने व्यवस्था छ । मिति २०८१ चैत्र ६ गतेबाट माननीय अध्यक्ष डा. विजय कुमार दत्तज्यूको कार्यकाल समाप्त भई मिति २०८१ चैत्र ७ गतेबाट माननीय सदस्य श्री जीवछ साहज्यू कार्यवाहक अध्यक्षज्यूको रुपमा जिम्मेवारी सम्हाल्नुभयो ।

आयोगको कार्यालय ज्वागल, ललितपुरमा रहेको छ भने आवश्यकता अनुसारप्रदेश तहमा समेत कार्यालय स्थापना गर्न सक्नेछ ।

२. आयोगको काम, कर्तव्य र अधिकार:

मधेशी आयोग ऐन २०७४ को परिच्छेद ३ को दफा ७ अनुसार मधेशीआयोगकोकाम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्:

(क) मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(घ) मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नु पर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) मधेशी समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(छ) मधेशी समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणका लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मधेशी समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(झ) मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) मधेशी समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र मधेशी समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ट) मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने।

(ठ) मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने ।

(ड) मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।

(ढ) मधेशी समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ संस्थाहरूले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(ण) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

(त) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

३. आयोगमा रहेका पदाधिकारी तथा कर्मचारीहरु

(क) आयोगका पदाधिकारीहरु

सि.नं.	नाम	पद	मोबाइल	इमेल
१	मा.श्री जिवछ साह	का.वा. अध्यक्ष	९८५२८३३३४४	sirahajiwachh@gmail.com
२	मा. श्री रेणु देवी साह	सदस्य	९८४२८२०३२७	renusah32@gmail.com
३	मा. श्री विजय कुमार गुप्ता	सदस्य	९८४८०२४३५३	vijayagupta.mscommission@gmail.com
४	मा. श्री आभा कुमारी सिंह	सदस्य	९८५२८२०७७९	abhasetu@yahoo.com

(ख) कर्मचारी संख्या

सि.नं.	पद	श्रेणी	सेवा	समूह/उपसमूह	स्थायी दरबन्दी	अस्थायी दरबन्दी (करार)	हाल कार्यरत	कैफियत
१	सचिव	रा.प.प्रथम	प्रशासन	सा.प्र.	१		१	
२	उपसचिव	रा.प. द्वितीय	प्रशासन	सा.प्र.	१		१	
३	शाखा अधिकृत	रा.प. तृतीय	प्रशासन	सा.प्र.	२		२	
४	नायव सुब्बा	रा.प. अनं. प्रथम	प्रशासन	सा.प्र.	२		२	
५	लेखापाल	रा.प. अनं. प्रथम	प्रशासन	लेखा	१		१	
६	कम्प्युटर अपरेटर	रा.प. अनं. प्रथम	विविध		१		१	
७	निजी सहायक	रा.प. अनं. प्रथम सरह			-	५	५	करार
७	ह.स.चा.	श्रेणी विहिन			२	५	७	करार
८	कार्यालय सहयोगी (स्वीपर १ समेत)	श्रेणी विहिन			३	३	६	करार
				जम्मा	१३	१३	२६	

(ग) आयोगमा हाल कार्यरत कर्मचारीहरुको विवरण

सि.नं.	कर्मचारीको नाम	पद	सेवा	समूह/उपसमूह	सम्पर्क नं.	
१	नरेश राज खरेल	सचिव	नेपाल प्रशासन	रा.प.प्रथम	९८४१८१३१०२	
२	सविता डंगोल	उपसचिव	नेपाल प्रशासन	रा.प. द्वितीय	९८४१२९८४७५	
३	रमेश कुमार दास	शाखा अधिकृत		रा.प. तृतीय	९८५११७९९३६	
४	अखिलेश्वर कर्ण				९८४१६६७६१५	
५	चन्द्रा कुमारी विष्ट	लेखापाल	नेपालप्रशासन/ लेखा	रा.प.अनं. प्रथम	९८५८७७७९७	
६	अनुप बहादुर खडका	ना.सु.	नेपालप्रशासन/ सा.प्र.	रा.प.अनं. प्रथम	९८४१४२४८५५	
७	अमित कुमार साह	क.अ.	विविध	रा.प.अनं. प्रथम	९८४११५३३७३	
८	सुन्दर प्रसाद निरौला	ना.सु.	नेपालप्रशासन/ सा.प्र.	रा.प.अनं. प्रथम	९८४२५६०३५८	
९	खगेन्द्र नेपाली	ना.सु.	नेपालप्रशासन/ सा.प्र.	रा.प.अनं. प्रथम	९८४७१८४१५३	
१०	रोविन साह	मा. सदस्यज्यूको निजी सहायक		रा.प.अनं. प्रथम सरह	९८५१०८०८४४	करार सेवा
११	अमन कुमार साह	मा. सदस्यज्यूको निजी सहायक		रा.प.अनं. प्रथम सरह	९८०७३६९४९५	करार सेवा
१२	राजिव ढकाल	मा. सदस्यज्यूको निजी सहायक		रा.प.अनं. प्रथम सरह	९८०३८२५१५४	करार सेवा
१३	राजहंश सिंह	मा. सदस्यज्यूको निजी सहायक		रा.प.अनं. प्रथम सरह	९७४८२६५२७४	करार सेवा
१४	ईश्वर प्रसाद गुनी	ह.स. चालक			९८४११२६७४४	करार सेवा
१५	भुवल भण्डारी	ह.स. चालक			९८४१९६७५९८	करार सेवा
१६	तिलक बहादुर तामाङ्ग	ह.स. चालक			९८४१५०६६३३	करार सेवा
१७	शम्भु तामाङ	ह.स. चालक				करार सेवा
१८	मणी कुमार सिवाकोटी	ह.स. चालक				करार सेवा
२०	सिता थापा	का. सहयोगी			९८४४९३९४४५	करार सेवा
२१	गिरिजेश कोइरी	का. सहयोगी			९८६७२११८७८	करार सेवा
२२	शारदा अधिकारी	का. सहयोगी			९८६१८१८७०१	करार सेवा
२३	कृतिवान मौर्य	का. सहयोगी			९८६३५९१४४८	करार सेवा
२४	माया पोडे पुजारी	का. सहयोगी			०१-५१३७३३०	करार सेवा

(घ) कार्यविवरण

१. प्रशासन, योजना तथा अनुगमन शाखा

१.१ कर्मचारी प्रशासन सम्वन्धी कार्य

- आयोगमा कर्मचारी दरवन्दी, नियुक्ति, सरुवा, वढुवा, पदस्थापन, काज, विदा, तलव, भत्ता, पेन्सन, उपदान, र अन्य सुविधा सम्वन्धी काम गर्ने ।
- आयोगबाट गरिने प्रशासकीय काम कारवाही, निरिक्षण, सुपरिवेक्षण, नियन्त्रण र निर्देशन सम्वन्धी काम गर्ने ।
- आयोगका प्रशासकीय समस्याहरुको समाधानको उपाय पत्ता लगाई निराकरण गर्ने ।
- आयोगका कर्मचारीहरुको कार्य क्षमतामा अभिवृद्धि ल्याउन स्वदेशी तथा विदेशी तालीमको प्रवन्ध गर्ने र भाग लिन पठाउने ।बैदेशिक मनोनयन सम्बन्धी कार्य गर्ने ।
- कर्मचारीहरुको वैयक्तिक अभिलेख अद्यावधिक राख्ने ।
- कर्मचारीको क्षमता विकास सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।

१.२ आर्थिक प्रशासन सम्वन्धी कार्य

- आयोगको लागि आवश्यक पर्ने वार्षिक वजेट तर्जुमा गर्ने ।
- कर्मचारीहरुलाई मासिक तलव भत्ता खुवाउने ।
- खरिद आदेश अनुसार खरिद भएका, सामानहरुको भुक्तानी दिने ।
- स्वीकृत वजेट भित्र रही आर्थिक प्रशासन सम्वन्धी सम्पूर्ण काम गर्ने ।
- आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने ।
- देखिएका वेरुजु फछ्र्यौट गर्ने ।

१.३ जिन्सी तथा आन्तरिक व्यवस्थापन सम्बन्धी कार्य

- विनियोजित रकमबाट जिन्सी सामानको खरिद गरी आवश्यकता अनुसार उपलव्ध गराउने ।
- तोकिएको ढाँचामा जिन्सी सामानको अभिलेख राखी समय समयमा निरीक्षण परीक्षण गराउने।
- आयोगमा गरिने सम्झौता, वैठक आदिको व्यवस्था मिलाउने ।
- अनावश्यक भएका र पुराना सामानहरु लिलाम गरी आवश्यक सामानको प्रवन्ध गर्ने ।
- कार्यालय भवन र सो क्षेत्रको सरसफाई, मर्मत, सम्भार, धारा, वत्ती, टेलिफोन र अन्य उपकरणहरुको प्रवन्ध र सम्भार गर्ने ।
- आयोगको मूल दर्ता चलानी जनसम्पर्क सम्बन्धी कार्य ।
- सवारी साधनहरुको व्यवस्था सम्बन्धी कार्य ।
- जिन्सी निरीक्षण तथा नियमानुसार कागज धुल्याउने कार्य ।
- मन्त्रालयको सूचना प्रविधि सम्बन्धी कार्य ।
- गुनासो व्यवस्थापनको कार्य ।
- का.स.मू सम्बन्धी कार्य ।

१.४ कानून सम्बन्धी कार्य

- कानून निर्माण/ परिमार्जन सम्बन्धि कार्य ।
- अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय सम्बन्धी कानूनमा समयानुकुल परिमार्जनका लागि सिफारिस गर्न अन्य शाखाहरुसँग समन्वय गर्ने ।
- उजुरी छानविन सम्बन्धी कार्य ।
- कानूनी राय दिने कार्य ।
- आयोगको जिम्मेवारी अनुसारका कामको सिलसिलामा कानून तर्जुमा, सूचना प्रतिवेदन सम्वन्धी कार्य ।
- आयोगको वार्षिक प्रतिवेदन, सिफारिसहरुको कार्यान्वयन सम्बन्धी कार्य ।
- विभिन्न अदालतहरुमा परेका रिट र पुनरावेदनसँग सम्बन्धित कार्य ।
- निर्णय तथा परिपत्र संग्रह तथा प्रकाशन सम्बन्धी कार्य ।

१.५ अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्य गरी आयोगमा पेश गर्ने

- मधेशी समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रमको समीक्षा, अनुगमन र मूल्याङ्कन गर्ने,
- आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,
- मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तराष्ट्रिय सन्धि सम्झौता कार्यन्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाब दिने,
- मधेशी समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

१.६ आयोगको वार्षिक प्रतिवेदन तथा अन्य शाखालाई नतोकिएका कार्यहरु

२. अधिकार प्रवर्द्धन तथा सशक्तीकरण शाखा

१) नीतिगत कानुनी र संस्थागत सुधारको मस्यौदा तयार गर्न सहयोग र समन्वय गर्ने

२) समुदायको सशक्तीकरणका लागि नीति तथा कार्यक्रम तर्जुमामा सहयोग पुर्याउने ।

३) नेपाल सरकारबाट मधेशी समुदायको सशक्तिकरणका लागि भएका व्यवस्थाहरुको अध्ययन/अनुसन्धान गरी प्रतिवेदनहरु तयार गर्न सहयोग, सहकार्य र समन्वयमा टेवा पुर्याउने ।

४) सरकारको सम्बन्धित नीति कार्यक्रम कार्यान्वयनको अनुगमन/मूल्याङ्कन गर्न आयोगको स्वीकृति कार्ययोजना अनुसार काम गर्ने ।

५) मधेशमा पिछडिएको समुदायको विकास र सशक्तिकरण सम्बन्धी कार्यक्रम तर्जुमा गर्ने/गराउने र आयोगको सचिवसमक्ष पेश गरी आयोगको निर्णय प्रक्रियामा सहयोग पुर्याउने ।

६) मधेशी समुदायको सास्कृतिक सम्पदाको संरक्षण र विकास गर्न आयोगमा आवश्यक कार्यक्रम तर्जुमा गरी आयोगको निर्णय प्रक्रियामा सहयोग पुर्याउने ।

७) नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौताको कार्यान्वयन अवस्था बारे प्रतिवेदन तयार गरी आयोग समक्ष पेश गर्ने ।

८) मधेशी समुदायको अधिकार उलंङ्घन भएका घटनाहरुको तथ्य सूचना संकलन गरी अभिलेख राख्ने र छानविन र तहकिकात गर्नुपर्ने भएमा आयोगमा पेश गर्ने ।

९) मधेशी समुदायमा प्रचलनमा रहेका सांस्कृतिक अवस्था र परम्पराहरुलाई सरोकारवालाहरुसँग छलफल आयोजना गरी कुरिति, अन्धविश्वास र शोषणको माध्यम बनेका परम्पराहरुलाई हटाउन आयोगको बैठकहरुमा प्रतिवेदन गर्ने ।

१०) मधेशी समुदायहरुको पहिचानका लागि सूचीलाई नियमित अध्यावधिक गर्ने र आयोगमा प्रतिवेदन गर्ने ।

११) आयोगको वार्षिक योजना/ कार्यक्रम तर्जुमा गरी आयोगमा पेश गर्ने ।

१२) सरकारको सशक्तिकरण कार्यक्रमहरुको समिक्षा, अनुगमन/मूल्याङ्कनका लागि सरोकारवाला निकायहरुसँग छुट्टाछुट्टै वा सामुहिक रुपममा छलफल कार्यक्रम आयोजना गर्ने ।

४. आयोगबाट प्रदान गरिने सेवा:

मधेशी आयोग ऐन, २०७४ अनुसारका सेवा प्रदान गर्न आयोगले नागरिक बडापत्र बनाई सेवा प्रदान गर्ने गरेको छ । प्रदान गरिने सेवा र सो सम्बन्धी विवरण समेटिएको बडापत्र निम्न बमोजिम रहेको छ ।

क्र.स.	सेवा तथा कार्यक्रमको विवरण	पेश हुनुपर्ने कागजात र कार्य सम्पादनको प्रक्रिया	सम्बन्धित शाखा	जिम्मेवार कर्मचारी	शाखा प्रमुख	गुनासो सुन्ने अधिकारी	सिफारिश र फछ्यौट
१	मधेशी समुदायको हक अधिकार उल्लघंन गर्ने व्यक्ति वा संस्था उपर उजुरी संकलन गरी अध्ययन वा तहकिकातका लागि सम्बन्धित निकायमा सिफारिश गर्ने ।	लिखित, मौखिक, सामाजिक संजाल,फोन, मिडिया, प्रविधि र हेल्प लाईनबाट प्राप्त उजुरी र अन्य प्रमाणहरु	उजुरी सम्बोधन समिति	शाखा अधिकृत	उपसचिव	सचिव	आयोगबाट
२	मधेशी समुदायको समग्र स्थिति, हक हितको संरक्षण, सम्बर्द्धन तथा सशक्तिकरणका व्यवस्था प्रभावकारी कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गर्ने ।	अध्ययन कार्यदल, समिति रसंस्थाको प्रतिवेदन	अधिकार प्रर्वद्धन तथा सशक्तिकरण शाखा	शाखा अधिकृत	उपसचिव	सचिव	आयोगबाट

३	मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रम, आर्थिक सामाजिक रुपले पछाडी परेका व्यक्तिको विकास र सशक्तिकरणका लागि विशेष कार्यक्रम साथै विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारका शोषणको अन्त्य गर्न त्यस्तो समुदायको भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने ।	अध्ययन कार्यदल, समितिरसंस्थाको प्रतिवेदन		शाखा अधिकृत	उपसचिव	सचिव	आयोगबाट
४	मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थाको अनुगमन गरी सुधार गर्नुपर्ने भए सिफारिश गर्ने ।	अनुगमन कार्यदल, समितिरसंस्थाको प्रतिवेदन		शाखा अधिकृत	उपसचिव	सचिव	आयोगबाट
५	मधर्शी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सुचिकृत गर्ने ।	अध्ययन कार्यदल, समितिरसंस्थाको प्रतिवेदन		शाखा अधिकृत	उपसचिव	सचिव	आयोगबाट
६	मधेशी समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तराष्ट्रिय सन्धी सम्झौताको कार्यान्वयन सम्बन्धी अनुगमन गर्ने ।	अध्ययन कार्यदल, समितिरसंस्थाको प्रतिवेदन	प्रशासन तथा योजना शाखा	शाखा अधिकृत	उपसचिव	सचिव	आयोगबाट
७	मधेशी समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन अवस्था तथा त्यस्तो समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य संघसंस्थाहरुले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने ।	अनुगमन कार्यदल, समितिरसंस्थाको प्रतिवेदन	प्रशासन तथा योजना शाखा	शाखा अधिकृत	उपसचिव	सचिव	आयोगबाट
८	आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने ।	अनुगमन कार्यदल, समितिरसंस्थाको प्रतिवेदन	प्रशासन तथा योजना शाखा	शाखा अधिकृत	उपसचिव	सचिव	आयोगबाट
९	नियम, निर्देशिका, कार्यविधि, आचारसंहिता बनाई लागू गर्ने, आयोगको वार्षिक योजना र कार्यक्रम तयार पार्ने र सार्वजनिक खरिद सम्बन्धी मुख्य कार्य गर्ने ।	संविधान र ऐन, कानुन र बजेट बमोजिम	प्रशासन तथा योजना शाखा	शाखा अधिकृत	उपसचिव	सचिव	आयोगबाट
१०	प्रचलित कानुन बमोजिम आयोगबाट सम्पादन भएका मुख्य कार्यहरुबारे सम्बन्धित पक्षहरुलाई जानकारी गराउने	प्रचलित कानुन बमोजिम	प्रवक्ता			सचिव	आयोगबाट
११	प्रचलित कानुन बमोजिम लिखित सूचना माग भएमा सूचना प्रदान गर्ने।	प्रचलित कानुन बमोजिम	सूचना अधिकारी	सूचना अधिकारी श्री रमेश कुमार दास (९८५१२३०२०८)		सचिव	आयोगबाट

५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम र अन्य विशेष कानुनले तोकेबमोजिमको दस्तुर ।

६. सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधीभित्र र अन्य विशेष कानुनले अवधी तोकेकोमा सोही बमोजिम ।

७. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

प्राप्त उजुरीहरु अधिकार प्राप्त अधिकारीले हेरी सम्बन्धित शाखामा आवश्यक कारवाहीका लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाइने ।

८. प्रमुख, प्रवक्ता र सूचना अधिकारी सम्बन्धी विवरण

प्रमुख :सचिव श्री नरेश राज खरेल

सम्पर्क नं.९८४१८१३१०२

सूचना अधिकारी : शाखा अधिकृत श्री रमेश कुमार दास

सम्पर्क नं : ९८५११७९९३६

९. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सचिव श्री नरेश राज खरेल

१०.आयोगबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरुको विवरण

- मधेशी समुदायबाट आयोगमा प्राप्त हुन आएका उजुरीहरु सम्बोधन गरिएको ।
- राज्यको मुल प्रवाहमा मधेशी समुदायको पहुँच अध्ययन प्रतिवेदन, २०७९ तयारी गरी प्रकाशन गरेको ।
- आ.ब. २०८१।८२ लोकसेवा परीक्षा तयारी सम्बन्धी अभिमुखिकरण र मधेशी आयोगको इच्छा: नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रमहरु विभिन्न प्रदेशहरुमा गर्न तयारी गरिरहेको।
- मधेशी आयोगका माननीय अध्यक्ष तथा माननीय सदस्यहरुद्वारा विभिन्न प्रदेशहरुमा अनुगमन कार्यक्रम सम्पन्न भएको ।
- विभिन्न विषयमा राय सुझाव तथा छलफलको लागि सरोकारवालाहरुको वैठक सम्पन्न भएको ।
- मधेशी आयोगको वैठकहरु सम्पन्न भएको ।

११. ऐन, नियम, निर्देशिकाको सूची

मधेशी आयोग नेपालको संविधानको धारा २६२ बमोजिम स्थापना भएको हो भने मधेशी आयोग ऐन, २०७४ अनुसार आयोगले आफ्ना कामहरु सम्पादन गर्दै आइरहेको छ । आयोगको कार्य सम्पादनमा प्रयोग हुने ऐन, नियम निर्देशिकाहरु यसप्रकार छन

- मधेशी आयोग ऐन, २०७४
- मधेशी आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७५
- मधेशी आयोगको आन्तरिक (कार्यसञ्चालन तथा व्यवस्थापन) निर्देशिका,२०७६
- पञ्चवर्षिय रणनीतिक योजना
- मधेशी समुदायको थर सूचीकरण सम्बन्धी अध्ययन प्रतिवेदन, २०७८
- राज्यको मुल प्रवाहमा मधेशी समुदायको पहुँच अध्ययन प्रतिवेदन, २०७९
- मधेश प्रोफाइल

१२. मधेशी आयोगका हाल सम्मका प्रतिवदेनहरु

१.मधेशी आयोगको प्रथम वार्षिक प्रतिवेदन
२.मधेशी आयोगको द्वितीय वार्षिक प्रतिवेदन
३.मधेशी आयोगको तृतीय वार्षिक प्रतिवेदन
४.मधेशी आयोगको चौथौ वार्षिक प्रतिवेदन
५.मधेशी आयोगको पाँचौ वार्षिक प्रतिवेदन
६.मधेशी आयोगको छैठौं वार्षिक प्रतिवेदन

१३. सूचना मागको लागि :

सूचना अधिकारीको नामः रमेश कुमार दास (शाखा अधिकृत)
मोवाइलः ९८५११७९९३६

१४. आयोगको सम्पर्क विवरण

वेभसाईट : www.madheshicommission.gov.np
इमेल ठेगाना : madheshicommission@gmail.com
फोन नं: ०१-५२६९१